# स्थानीय राजपत्र

मेलम्ची नगरपालिकाद्वारा प्रकाशित

खण्ड (३) असार १५ गते, २०७७ साल संख्या :१

## भाग १-

# मेलम्ची नगरपालिका सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा बमोजिम (१) मेलम्ची नगरपालिकाको नगर सभाले बनाएको"मेलम्ची नगरपालिकाको स्वास्थ्य तथा सरसफाई सम्बन्धी ऐन, २०७६" सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**सम्वत् २०७७ सालको ऐन नं .१**

# मेलम्ची नगरपालिकाको स्वास्थ्य तथा सरसफाई सम्बन्धी ऐन, २०७६

# मेलम्ची नगरपालिकाको स्वास्थ्य तथा सरसफाई सम्बन्धी ऐन, २०७६

**प्रस्तावना :** नगर क्षेत्रभित्रका बासिन्दाहरुलाई आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्ने कार्यमा नगरपालिकाको जिम्मेवारी प्रमुख रहेको र सोको व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था गरी कार्य सम्पादन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा ५७ को उपधारा (४) ले दिएको अधिकार प्रयोग गरी सोही संविधानको अनुसूची – ८ को क्र.सं. ९ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११. झ (१) र (४) अनुसार स्वास्थ्य सेवालाई व्यवस्थित गर्ने काम कर्तव्य र अधिकारको प्रयोजनका लागि मेलम्ची नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस ऐनको नाम मेलम्ची नगरपालिकाको "नगर स्वास्थ्य तथा सरसफाई ऐन, २०७६" रहेको छ।

(ख) यो ऐन नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "ऐन" भन्नाले मेलम्ची नगरपालिकाको "नगर स्वास्थ्य तथा सरसफाई ऐन, २०७६" लाई सम्झनुपर्छ।

(ख) "संघीय ऐन" भन्नालेसंघीय संसदले बनाएको स्वास्थ्य सम्वन्धी ऐनलाई सम्झनुपर्छ ।

(ग) "प्रदेश ऐन" भन्नाले बागमती प्रदेशले बनाएको प्रदेश स्वास्थ्य ऐन, २०७५ लाई सम्झनुपर्छ ।

(घ) "कार्यपालिका" भन्नाले मेलम्ची नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ।

(ङ) "सरकारी स्वास्थ्य संस्था" भन्नाले संघ, प्रदेश वा स्थानीय तहको पूर्ण स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनुपर्छ।

(च) "सामुदायिक स्वास्थ्य संस्था" भन्नाले समुदायको अगुवाईमा स्थापना भई संचालन भएका गैरनाफामुलक स्वास्थ्य संस्थालाई सम्झनुपर्छ।

(छ) "निजी स्वास्थ्य संस्था" भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी सञ्चालन हुने स्वास्थ्य संस्थालाई सम्झनुपर्छ।

(छ) "ट्रष्ट वा लोक कल्याणकारी" भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत सञ्चालन हुने स्वास्थ्य संस्थालाई सम्झनुपर्छ।

(ज) "व्यवस्थापन समिति" भन्नाले दफा ६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(झ) "अनुगमन समिति" भन्नाले दफा ५ अनुसार नगरपालिकामा गठित स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिलाई सम्झनु पर्छ।

(ञ) "स्वास्थ्य संस्था" भन्नाले स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता तथा स्थापना भई संचालनमा रहेका सरकारी, सामुदायिक तथा निजी स्वास्थ्य संस्थालाई सम्झनुपर्छ।

## परिच्छेद २

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्वन्धी व्यवस्था

**३. आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु :** स्थानीयस्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु देहाय बमोजिमका हुनेछन :-

(क) सरकारी वा सामुदायिकः सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालनमा रहेका स्वास्थ्य सम्बन्धी सेवा प्रदान गर्ने सेवा प्रदायक निकायहरु हुनेछन्।

(ख) निजीः निजी क्षेत्रद्वारा सञ्चालित रहेका स्वास्थ्य सम्बन्धी सेवा प्रदान गर्ने सेवा प्रदायक निकायहरु हुनेछन् ।

(ग) ट्रष्ट वा लोककल्याणकारी संस्थाको अधिनस्थः ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत सञ्चालन रहेका स्वास्थ्य सम्बन्धी सेवा प्रदान गर्ने सेवा प्रदायक निकायहरु हुनेछन् ।

**४. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड :**

स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समिति गठन, काम, कर्तव्य र अधिकार :**

(१) नगरपालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख र अनुगमन गर्न देहाय बमोजिमको स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिको गठन गरिनेछ ;

(क) नगरपालिकाको उपप्रमुख –अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी – सदस्य

(ग) नगरपालिकाको सामाजिक विकास समितिको संयोजक – सदस्य

(घ) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट नगर प्रमुखले तोकेको १ जना – सदस्य

(ञ) आमा समूह र महिला स्वास्थ्य स्वंयम सेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १/१ जना – सदस्य

(च) स्वास्थ्य संस्था व्यवस्थापन समितिका अध्यक्षमध्येबाट प्रत्येक वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको १ जना – सदस्य

छ) जनस्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव

(२) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आफ्नो कार्य क्षेत्रभित्रको स्वास्थ्य तथा सरसफाई योजना तयार गर्ने,

(ख) नगरपालिका क्षेत्रभित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति दिने सम्वन्धमा नगरपालिकालाई आवश्यक राय प्रदान गर्ने,

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने,

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने,

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने,

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अध्यावधिक तथा प्रकाशन गर्ने,

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्न पहलकदमी लिने,

(ज) नगर कार्यपालिकालाई स्वास्थ्य तथा सरसफाई क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने,

(झ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**६. स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन, काम कर्तव्य र अधिकार :**

(१) नगपालिकाभित्र रहेका सामुदायिक अस्पताल, प्राथामिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी व्यवस्थापनका लागि छुट्टाछुट्टै व्यवस्थापन समिति गठन गर्नुपर्नेछ

(२) दफा (१) बमोजिमको व्यवस्थापन समिति गठन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) स्वास्थ्य संस्था व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**७. बैंक खाता सञ्चालन :** (१) हरेक स्वास्थ्य संस्थाले नेपाल राष्ट्र बैंकबाट क वर्गको इजाजत प्राप्त वाणिज्य बैंङ्कमा खाता खोल्नु पर्नेछ ।

(२) स्वास्थ्य संस्थाको बैंक खाता व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) उपदफा (२) बमोजिमको स्वास्थ्य संस्थाको लेखा व्यवस्थापन र लेखापरीक्षण नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ३

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

### ८. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड :

(१) अस्पतालः नगरपालिका आफैले तोकिएको मापदण्डमा २५ शैयासम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्नेछ । यस्तो अस्पताल नगरपालिकाले अस्पताल सञ्चालन नियमावली तर्जुमा गरी सञ्चालन गर्नेछ ।

(२) स्वास्थ्य चौकी : नगरपालिकाले प्रत्येक वडा वा जनसंख्याको अनुपातमा कम्तीमा देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य चौकी सञ्चालन गर्नुपर्नेछ ।

(क) जनशक्तिः अधिकृतस्तर छैटौ तह (हे ई समुह) १ जना, सहायक पाँचौ तह (हे ई  समुह) १ जना, सहायक चौथो तह (हे ई  समुह) १ जना, सहायक पाँचौ तह (क न ÷प हे न समुह) १ जना, सहायक चौथो तह (क न ÷प हे न समुह) १ जना, कार्यालय सहयोगी १ जना

(ख) भवन कोठाः प्रशासन कक्ष, नाम दर्ता कक्ष (रजिष्टे«सन), औषधि भण्डारण तथा वितरण कक्ष, बिरामी जाँच कक्ष, प्रसूती कक्ष, उत्तर प्रसुती कक्ष, ड्रेसिङ रुम, प्राथमिक उपचार कक्ष, परिवार नियोजन तथा गर्भवती कक्ष, कर्मचारी आवास जस्ता सुविधा सहितको भवन,

(ग) उपकरणः प्राथमिक उपचारका आधारभूत उपकरणहरु ।

(३) आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा : नगरपालिका भित्र सञ्चालनमा रहेका र सञ्चालन हुने आयुर्वेद औषधालय तथा आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रमा देहाय बमोजिमका पुर्वाधारहरु हुनुपर्ने छ ।

(क) जनशक्तिः कविराज/कविराज निरिक्षक/वरिष्ठ कविराज निरिक्षक मध्ये १ जना, वैद्य/ बैद्य निरिक्षक/वरिष्ठ बैद्य निरिक्षक मध्ये १ जना, औषधी कुटुवा १ जना, र कार्यालय सहयोगी १ जना गरी जम्मा ४ जना

(ख) भवन कोठाः प्रशासन कक्ष, नाम दर्ता कक्ष (रजिष्ट्रेसन), औषधि भण्डारण तथा वितरण कक्ष, बिरामी जाँच कक्ष, कर्मचारी आवास जस्ता सुविधा सहितको भवन,

(ग) उपकरणः आयुर्वेद तथा बैकल्पिक उपचारका आधारभूत उपकरणहरु ।

(४) नगरपालिका क्षेत्रभित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योग, ध्यान लगायतका रोकथाममूलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँगको साझेदारीमा वा नगरपालिका आफैले कम्तीमा एउटा आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

**९. निजी क्षेत्रले अस्पताल सञ्चालन गर्न सक्ने :**

(१) नगरपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल सञ्चालन गर्न चाहेमा नगरपालिकाले २० शैयासम्मको अस्पताल सञ्चालन अनुमति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल सञ्चालन गर्न चाहने निकायले अनुमतिको लागि नगरपालिकाले तोकेको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) अनुगमन समितिले प्राप्त निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सक्ने गरी आशय पत्र प्रदान गर्न नगर कार्यपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सिफारिशको आधारमा नगर कार्यपालिकाले दुई महिनाभित्र तोकिएको मापदण्ड पुरा गरेमा यस्तो अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

(५) आशय पत्र प्राप्त निकायले तोकिएको समय सीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतिका लागि नगर कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(६) अनुगमन समितिले उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा नगर कार्यपालिकाले अस्पताल सञ्चालनको अनुमति प्रदान गर्न सक्नेछ ।

**१०. अस्पताल सञ्चालन गर्न आवश्यक मापदण्ड :** नगरपालिकाको स्वीकृतिमा सञ्चालन हुने २५ बेड सम्मको अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पूरा गर्नु पर्नेछ ।

(१) जनशक्तिः कम्तीमा २ जना एम.वि.वि.एस. डाक्टर, कम्तीमा ४ जना स्टाफ नर्स, २ जना एच ए, २ जना अ हे व कम्तीमा एकजना ल्याव टेक्निसियन र आवश्यक मात्रामा सहायक र सहयोगी स्वास्थ्यकर्मी, क्लिनर, आदी

(२) भवन तथा कोठाः दर्ता चलानी वहिरंग सेवा, इमेर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका बिरामी राख्ने क्याविन, नर्सिङ् कक्ष, पार्किङको व्यवस्था हुनुपर्ने,

(३) उपकरण पूर्वाधारः सडक नेटवर्कले जोडिएको, एम्वुलेन्स सेवाको उपलब्धता, बिरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ सै घण्टा बिद्युत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर व्यवस्थापनको प्रणाली भएको हुनु पर्ने ।

**११. पोलिक्लिनिक सञ्चालनको अनुमति :**

(१) नगरपालिका क्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक सञ्चालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृति लिनु पर्नेछ ।

(२) पोलिक्लिनिकमा बिरामी जाँच्ने डाक्टरको विवरण, सञ्चालकको विवरण, सञ्चालन हुने स्थान र उपलब्ध हुने सेवाको विवरण खोली नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

**<u>१२. प्रयोगशाला वा ल्याबोरेटरी सञ्चालन अनुमति :</u>** (१)कुनै व्यक्ति वा संस्थाले प्रयोगशाला वा ल्यावोरेटरी सञ्चालन गर्न चाहेमा देहाय बमोजिमको विवरण पेश गरी नगरपालिकाबाट स्वीकृति लिनु पर्नेछ।

(क) सञ्चालकको विवरण र नागरिकताको प्रमाण पत्र,

(ख) प्रयोगशाला वा ल्यावोरेटरी सञ्चालन गर्ने स्थान प्रमाणित भएको कागजात,

(ग) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम १५ महिने कोर्ष उतिर्ण गरी स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको व्यक्तिको प्रमाण पत्र र काम गर्न इच्छुक भएको पत्र,

(घ) ल्याबमा उपलव्ध हुने परीक्षणको प्रकार,

(ङ) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरण सहितको आवेदन सम्वन्धमा अनुगमन समितिले अनुगमन गरी दिएको सिफारिश नगरपालिकाले प्रयोगशाला वा ल्यावोरेटरी सञ्चालनको अनुमति दिन सक्नेछ।

**<u>१३. फार्मेसी सञ्चालनको अनुमतिः :</u>**

(१) नगरपालिका क्षेत्रभित्र फार्मेसी सञ्चालन गर्न इच्छुक व्यक्ति वा संस्थाले देहाय बमोजिमको विवरण पेश गरी नगरपालिकाबाट अनुमति लिनु पर्नेछ।

(क) सञ्चालकको विवरण र नेपाली नागरिकताको प्रमाण पत्र,

(ख) फार्मेसी सञ्चालन गर्ने स्थान प्रमाणित भएको कागजात,

(ग) आधारभूत फार्मेसी शिक्षा वा आयुर्वेद कोर्ष उतिर्ण व्यक्ति सञ्चालक रहने गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद् वा नेपाल नर्सिङ परिषद् वा नेपाल मेडिकल काउन्सिल दर्ता भएको प्रमाण पत्र र काम गर्न इच्छुक भएको पत्र,

(घ) बिक्री वितरण गर्ने औषधिका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण,

(ङ) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण,

(च) सम्वन्धित वडा कार्यालयको सिफारिश।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरण सहितको आवेदन सम्वन्धमा अनुगमन समितिले अनुगमन गरी दिएको सिफारिश नगरपालिकाले फार्मेसी सञ्चालनको अनुमति दिन सक्नेछ।

**१४. मापदण्ड पुरा नगरेमा सजाय हुने :**

(१) नगरपालिकाबाट अनुमति लिई सञ्चालनमा रहेका स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा सञ्चालकले स्वीकृति लिंदा तोकिएको मापदण्ड पुरा नभएको, झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाइएमा अनुगमन समितिले सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृति खारेजीको लागि नगरपालिकामा सिफारिस गर्न सक्नेछ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन, ल्याव असिष्टेन्ट तथा वि एम एल टि लगायतका ल्यावसँग सम्वन्धित विषय अध्ययन गरी प्रमाण पत्र प्राप्त व्यक्तिहरु बाहेकका व्यक्तिले रगत, दिसापिसाब, खकार लगायतको परीक्षणमा संलग्न भएको पाईएमा नगरपालिकाले त्यस्तो प्रयोगशाला बन्द गराउन सक्ने वा सञ्चालकलाई कालो सूचीमा राखी सोको आम जनतालाई जानकारी दिनेछ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी बाहेक अरुले औषधि बेचेको पाइएमा नरपालिकाले सचेत गराउने वा जरिवाना गर्ने वा अनुमति खारेज गर्नेछ।

**१५. सहुलियत र छुटको व्यवस्था गर्नुपर्ने :** निजी लगानी वा ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परीक्षणका क्रममा लाग्ने शुल्कमा नगरपालिकाको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागि छुट दिनु पर्नेछ।

## परिच्छेद ४

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयंसेवा सम्वन्धी व्यवस्था

**१६. स्वास्थ्यकर्मीको व्यवस्थापन :** नगरपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मी रहनेछन्ः

(१) स्थायीः नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु,

(२) करारः स्थानीय माग र विशिष्टताका आधारमा नगरपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु,

(३) अभ्यासकर्ताः स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं नगरपालिकाको आँशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका अभ्यासकर्ताहरु (बढीमा एक बर्षको लागि भर्ना गर्न सकिने)

(४) स्वास्थ्य अभियानकर्ता र स्वंयमसेविकाहरु

**१७. अभियानकर्ता/स्वास्थ्य स्वंयमसेविकाको व्यवस्था :** स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुर्याउन र जनचेतना फैलाउन नगरपालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयमसेविकाहरु नियुक्त गर्न सक्नेछ।

(१) महिला स्वास्थ्य स्वयमसेविका र पुरुष अभियानकर्ताहरु नियुक्तिका लागि २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम १० कक्षा अध्ययन गरेको सम्वन्धित वडाको विवाहित नागरिक हुनुपर्ने छ।

(२) एउटा वडामा अधिकतम संख्या १० हुने गरी औषत प्रति ३०० जनसंख्याको लागि १ जना महिला स्वास्थ्य स्वयमसेविका र ५०० जनसंख्याको लागि १ जना पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले नगरपालिका समक्ष गर्नेछ।

(३) प्रत्येक स्वंयमसेविका र अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्वन्धी ७ दिनको तालिम प्राप्त गरेको हुनु पर्नेछ । नगरपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार अभिमूखीकरण तालिम प्रदान गर्नेछन्।

(४) साविक देखि नै कार्यरत महिला स्वयमसेविकाहरु मध्ये निरक्षर र ५० बर्ष उमेर पुगेकालाई प्रोत्साहन रकमको व्यवस्था गरी विदाई गर्न सकिनेछ र नयाँ नियुक्ति गर्दा कम्तीमा १० कक्षा उतीर्णलाई मात्र नियुक्ति दिइनेछ।

**१८. स्वास्थ्यकर्मीको सेवा सुविधा :**

(१) स्थायी स्वास्थ्यकर्मी : नेपाल सरकारले तोकेको स्केल बमोजिम तलव र नगर कार्यपालिकाले तोके बमोजिमको अन्य सेवा सुविधा,

(२) करार स्वास्थ्यकर्मी : प्रचलित तलव स्केल र दुई पक्षको विचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा,

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मी : निर्वाह भत्ताको रुपमा सम्वन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलव स्केलको दुई तिहाई रकममा नबढ्ने गरी उपलव्ध गराउन सकिने।

(४) अभियानकर्ता÷स्वंयमसेविकाः अभियानकर्ता÷स्वयमसेविकालाई बार्षिक वा पटके रुपमा खटाइदा खटाईको प्रकृति हेरी नगरसभाले तोके बमोजिम पोशाक, पारिश्रमिक र सञ्चार खर्च बापतको सुविधा उपलव्ध गराइने।

**१९. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियुक्ति :** सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी नगर सभाले निर्धारण गर्नेछ।

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन्। समायोजनमा नआएका कर्मचारीहरुको हकमा नगरपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्नेछ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दीका पदमा करार नियुक्ति गर्नु पर्ने भएमा मेलम्ची नगरपालिको जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७५ ले तोके बमोजिमको प्रकृया अपनाइनेछ।

**२०. कर्मचारी सरुवा :** (१) स्थायी स्वास्थ्यकर्मीको हकमा निजले कुनै एक स्वास्थ्य संस्थामा अधिकतम ५ बर्ष सेवा गरे पश्चातः अर्को स्वास्थ्य संस्थामा

सरुवा हुनु पर्नेछ । विशेष परिस्थिति बाहेक न्यूनतम ३ बर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरेपछि मात्र सरुवा हुनेछ ।

(२) विशेष अवस्थामा बाहेक न्यूनतम ३ बर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा नगरपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा नगरपालिकाको जनस्वास्थ्य शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले आफ्नो क्षेत्राधिकारभित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

(३) यस दफाको प्रयोजनको लागि 'विशेष अवस्था' भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पति पत्नीसँगै रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुझिने छ ।

**२१. कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने :** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्य सम्पादन करार सम्झौताको प्रक्रिया अवलम्वन गर्नु पर्नेछ ।

(१) नगर प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले जनस्वास्थ्य शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले जनस्वास्थ्य शाखाका अनय कर्मचारी तथा स्वास्थ्य संस्थाका प्रमुखसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ ।

(२) कार्य सम्पादन करार सम्झौता १ बर्षको हुनेछ । सम्झौता अनुसार काम भए नभएको मूल्याङ्कन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक बर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) अनुगमन समितिले बार्षिक कार्य सम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य गरी नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२२. कार्य सम्पादन मूल्याङ्कन, सजाय र पुरस्कारः कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन, सजाय र पुरस्कार तोकिए प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम हुनेछ ।

## परिच्छेद -५

## औषधि तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्वन्धी व्यवस्था

**२३. बार्षिक खरिद योजना बनाउनु पर्ने :**

(१) जनस्वास्थ्य शाखाले नगर क्षेत्रभित्र बार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न बार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ।

(२) बार्षिक खरिद योजना जनस्वास्थ्य शाखाको सहयोगमा खरिद इकाईले तयार गर्नेछ।

**२४. औषधी तथा स्वास्थ्य उपकरण खरिद :**

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि जनस्वास्थ्य शाखाले प्रक्रिया अगाडि बढाउने छ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र विषयगत स्थानीय कानुनको प्रावधान अनुसार गर्नु पर्नेछ।

**२५. औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण :**

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था जनस्वास्थ्य शाखाले मिलाउन पर्नेछ।

(२) स्वास्थ्य उपकरण र औषधिको खरिद चौमासिक रुपमा गर्नु पर्नेछ। खरिदको परिमाण निर्धारण गर्दा सम्वन्धित वडा समितिले माग गरे बमोजिम २० प्रतिशतमा नबढ्ने गरी गर्नु पर्नेछ।

(३) नगरपालिकाले खरिद गरेको उपकरण र औषधिको कुल परिमाण र मूल्य खरिद मितिको एक हप्ताभित्र सार्वजनिक गर्नु पर्नेछ।

(४) सम्वन्धित सामुदायिक स्वास्थ्य शाखाले नगरपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्वन्धी विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने र सम्वन्धित वडा समिति मार्फत नगरपालिकामा बुझाउनु पर्नेछ।

परिच्छेद ६

स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर,सामाजिक सुरक्षा अनुगमन सम्वन्धी व्यवस्था

**२६. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने :**

(१) नगरपालिकाले स्थानीय स्तरमा सञ्चालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ। स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरी सो अनुरुप कार्य गराउन निर्देशन दिनेछ।

२७. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापनः

(१) नगरपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक सहजीकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु सञ्चालन तथा व्यवस्थापन गर्नेछ।

(२) आवश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरी सञ्चालन तथा व्यवस्थापन गर्नु पर्नेछ।

२८. सरसफाई स्वच्छताका लागि अनुगमन तथा नियमनः

(१) स्वच्छ खानेपानी र खाद्य पदार्थको गुणस्तर एवं वायु, ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले आवश्यक व्यवस्था मिलाउने छ।

(२) प्रदुषण बढाउने उद्योग, संस्थान वा व्यक्तिलाई सो सम्वन्धी सचेत गराउन र सो बाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्न सक्ने छ।

(३) सिफारिस बमोजिम कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्वन्धी व्यवस्था मिलाउन सक्नेछ।

**परिच्छेद -७**

**महामारी रोकथाम, फोहरमैला व्यवस्थापन सम्वन्धी व्यवस्था**

**२९. रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्ने :**

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी २४ घण्टाभित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वयमसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेको थाहा हुन आएमा सो को जानकारी ५ दिनभित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा महिला स्वास्थ्य स्वंयमसेवकलाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराइएका रोगीहरुको बिवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र नगरपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

**३०. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गर्नुपर्ने :**

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा नगरपालिकाले सो को प्रभाव क्षेत्र निक्र्यौल गरी विद्यालय वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितिमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक शतर्कता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार समक्ष अनुरोध गरी प्रभावकारी रुपमा परिचालन गर्नु पर्नेछ ।

**३१. सूर्ती, मदिरा तथा सूर्तीजन्य पदार्थको नियमनः**

(१) सूर्ती तथा मदिराजन्य पदार्थ विक्री बितरणको लागि नगरपालिकावाट छुट्टै अनुमति लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ विक्री गर्ने पसलमा सूर्ती तथा मदिराजन्य पदार्थ विक्री बितरण गर्न बन्देज लगाइनेछ ।

(३) सूर्ती, मदिरा र लागु पदार्थजन्य वस्तुको विक्री बितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाटबजार जस्ता क्षेत्रहरुको निश्चित दुरी तोकी धुम्रपान र मदिरापान निषेध गर्नेछ ।

(४) खाद्य पदार्थसँगै सूर्ती तथा मदिराजन्य पदार्थ विक्री बितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा नगरपालिकाले कारवाही गर्न सक्नेछ ।

**३२. सरसफाइ सम्वन्धी कार्यक्रम तथा फोहर मैला व्यवस्थापन :**

(१) नगरपालिका जनस्वास्थ्य शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक बर्षको पहिलो महिना भित्र कार्यपालिका बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु परिचालन गरी सबै घर परिवारमा बितरण गर्नेछन् ।

(३) घर निर्माण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर बिसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था भएको हुनु पर्ने छ ।

(४) एक परिवारको शौचालय, ढल र फोहरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पु¥याउने परिवारले तिर्नु पर्नेछ ।

(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निश्कासित फोहरमैला पुनः प्रयोग गरी कम्पोष्ट मल बनाइएको अवस्थामा नगरपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ ।

परिच्छेद ८

विविध

**३३. प्राइभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिस :**

(१) राष्ट्रिय वा प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्द्र स्थापनाका लागि सम्वन्धित वडा र नगरपालिकाबाट सिफारिस लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिंदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनीकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुनु पर्नेछ।

(३) सिफारिसका लागि नगरपालिकाको आर्थिक ऐनले तोके बमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ।

**३४. राष्ट्रिय, अन्तर्राष्ट्रिय संघीय तथा प्रादेशिक अभियानलाई सघाउ पुर्याउनु पर्ने:** स्वास्थ्य सेवा सम्वन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले सञ्चालन गरेको अभियानलाई नगरपालिका जनस्वास्थ्य शाखाले समन्वय गर्नेछ।

**३५. अनुगमन र नियमन:** आमा समूह, धामी झाँक्री र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनिहरुको क्रियाकलापलाई जनस्वास्थ्य शाखाले अनुगमन र नियमन गर्नेछ।

**३६. प्रगति प्रतिवेदन बुझाउनु पर्ने:** नगरपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्वन्धी संस्थाहरुले आफ्नो प्रगति बिवरण त्रैमासिक रुपमा नगरपालिका समक्ष बुझाउनु पर्नेछ।

**३७. साझेदारी गर्न सक्ने :** नगरपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक संघ÷संस्था, ट्रष्ट र व्यक्तिहरुसँग विभिन्न कार्यका लागि साझेदारी गर्न र तिनीहरुबाट औषधि, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ।

**३८. स्वास्थ्य संस्थाको सम्पत्ति :**

(१) नगरपालिका क्षेत्र भित्र रहेका सरकारी श्रोतमा संचालित स्वास्थ्य चौकी वा संस्थाहरुको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। यस ऐन

बमोजिम अनुमति वा स्वीकृति रद्ध गरिएमा वा कुनै स्वास्थ्य संस्था गाभिएमा वा अन्यत्र सरेमा त्यस्ता स्वास्थ्य संस्थाहरुको सम्पत्ति नगरपालिकाले गाभिएको स्वास्थ्य संस्था, नगरपालिका स्थित अन्य स्वास्थ्य संस्था वा नगरपालिकाको अन्य काममा वा सार्वजनिक हितका लागि प्रयोगमा ल्याउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम स्वास्थ्य संस्थाको सम्पत्ति प्रयोगमा नआउने भएमा सो सम्बन्धमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

**३९. पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ।

**४०. नियम बनाउने अधिकारः** यस ऐनको कार्यान्वयनको लागि नगर कार्यपालिकाले आवश्यक नियम र निर्देशिका बनाई लागू गर्न सक्नेछ।

**४१. संक्रमणकालीन व्यवस्थाः** यस ऐनले तोकिए बमोजिम हुने भनि व्यवस्था गरेको काम नियमावली नआउँदासम्म नगर कार्यपालिकाद्वारा तोकिए बमोजिम हुनेछ।

**४२. वाधा अडकाउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै वाधा– अडकाउ परेमा नगर कार्यपालिकाले त्यस्तो वाधा अडकाउ हटाउन आदेश जारी गर्न सक्नेछ।

**४३. खारेजी र बचाउ :**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ।

(२) यस ऐन व्यवस्था भएका विषयहरु संघीय तथा प्रादेशिक कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वतःअमान्य हुनेछ।

(३) यो ऐन प्रारम्भ हुनु भन्दा अगावै भए गरेका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ।